# गौमुखी गाउँपालिका
# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ६ सङ्ख्याः १५ मितिः २०८०/१०/१४

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०८० सालको कार्यविधि नं. १०**

# गौमुखी गाउँपालिकाको मानसिक रोगिहरुको उपचार कार्यबिधि, २०८०

नेपालको संबिधान (२०७२ ) को धारा ३५ मा आधारभुत स्वास्थ्य सेवालाई नेपाली नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । आकस्मिक स्वास्थ्य सेवाबाट कुनैपनि नागरिक बन्चित गराइने छैन । गौमुखी गाउँपालिकामा स्थाई बसोबास गर्ने लक्षित बिरामीहरुलाई निशुल्क स्वास्थ्य उपचार , प्रेषण र अन्य सहयोग गर्नकालागि गौमुखी गाउँपालिका द्वारा **मानसिक रोगिहरुको उपचार कार्यबिधि २०८०** जारि गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

१.१ यो कार्यविधिको नाम “गौमुखी गाउँपालिकाको मानसिक रोगिहरुको उपचार कार्यबिधि, २०८०” रहेको छ ।

१.२ यो कार्य विधि गौमुखी गाउँकार्यपालिकाले स्विकृत गरेको मितिबाट प्रारम्भ हुने छ ।

**२ परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

२.१"अध्यक्ष "भन्नाले गौमुखी गाउपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

२.२ "उपाध्यक्ष" भन्नाले गौमुखी गाउपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

२.३ " प्रमुख प्रशासकिय अधिकृत" भन्नाले गौमुखी पालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्दछ ।

२.४ ऐन भन्नाले स्थानिय सरकार संचालन ऐन २०७४ सम्झनु पर्दछ ।

२.५ कार्यबिधि भन्नाले गौमुखी मानसिक रोगिहरुको उपचार कार्यबिधि २०८० संझनु पर्दछ ।

२.६ समिति भन्नाले दफा ४ बमोजिम गठित समितिलाई संझनु पर्दछ ।

२.७ कुनै बिषयमा स्पष्ट पार्नु परेमा गठित कार्यसमितिको निर्णय द्वारा स्पष्ट पारिने छ ।

२.८ गाउँपालिका भन्नाले गौमुखी गाउँपालिका भन्ने सम्झनु पर्दछ ।

२.११ अविभावक भन्नाले सम्बन्धित नागरिकको अभिभावक वा निजको परिवारको एका घरको वा जिम्वेवार भएको ब्याक्ती सम्झनु पर्दछ ।

२.१२ लाभग्राहि भन्नाले लक्षित बर्गका सेवाग्राहि सम्झनुपर्दछ ।

२.१३ स्वास्थ्य निति भन्नाले गौमुखी गाउँपालिकाबाट जारि भएको स्वास्थ्य निति २०७९।२०८० सम्झनु पर्दछ ।

२.१४ स्वास्थ्य ऐन भन्नाले गौमुखी गाउँपालिकाबाट जारि भएको स्वास्थ्य ऐन २०८०सम्झनु पर्दछ ।

**३ कार्यबिधि लागु हुने क्षेत्र र सेवा**

३.१ यो कार्यबिधि गौमुखी गाउँपालिकाको कार्यपालिकाबाट पास भएको मितिबाट लागु हुनेछ।

३.२ गौमुखी गाउँपालिका भित्र स्थाइ बसोबास गर्ने नागरिकहरु लाभग्राहि हुनेछन र गौमुखी गाउँपालिका सेवा क्षेत्र हुनेछ।

३.३ अस्पताल भन्नाले मानसिक स्वास्थ्य सेवा प्रदान गर्ने अस्पताल वा मेडिकल कलेज तथा सरकारी अस्पतालको मानसिक उपचार वार्ड सम्झनु पर्दछ।

३.३ स्वास्थ्य शिविर भन्नाले यस कार्यबिधिअनुसार एकिकृत स्वास्थ शिविरमा मानसिक रोग बिशेषज्ञको सहभागिता भएको स्वास्थ्य शिविरलाई संझनु पर्दछ।

**४ समन्वय तथा संचालन समिति**

४.१गौमुखी गाउँपालिकाका अध्यक्ष संरक्षक रहने गरि उपाध्यक्ष को संयोजकत्वमा निशुल्क मानसिक रोगिहरुको उपचार समन्वय तथा संचालन समिति **मानसिक रोगिहरुको उपचार कार्यविधि २०८०** अनुसार कार्य गर्नु पर्ने छ र संचालन तथा समन्वय समिति देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| क) गौमुखी गाउँपालिकाका अध्यक्ष | संरक्षक |
| ख) गौमुखि गाउँपालिकाका उपाध्यक्ष | संयोजक |
| ग) गौमुखी गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) सामाजिक विकास समिती संयोजक | सदस्य |
| ङ) चिकित्सक र मनोसामाजिक परामर्शकर्ताहरुमध्यबाट २ जना सदस्य मनोनित गर्न सकिने छ र आबश्यकता भएमा बिज्ञ ब्याक्तिलाई आमन्त्रण गर्न सकिने छ। | |
| च) स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिब |

**५ मानसिक रोगिहरुको उपचार कार्यविधि २०८० संचालन तथा समन्वय समितिको काम कर्तब्य र भुमिका**

५.१ मानसिक रोग बिशेषज्ञ शिविर ,स्क्रिनिङ, उपचार , प्रेषण।

५.२ मानसिक स्वास्थ्य कार्यक्रमको समिक्षा कार्ययोजना तयार गर्ने।

५.३ आबश्यक बजेटको लागि ब्यबस्था गर्ने।

५.४ मानसिक स्वास्थ्य सेवा परामर्शका लागि स्वास्थ्य कर्मिलाइ तालिमको लागि सिफारिस तथा सम्बन्धित कार्यालय संग समन्वय गरि छनोट तथा सिफारिस गर्ने।

५.५ मानसिक रोगिहरुको उपचारका लागि औषधिहरुको बन्दोबस्त समेत मिलाउने।

**६ नि:शुल्क मानसिक स्वास्थ्य शिविर कार्यक्रमको लक्षित बर्ग तथा मापदन्ड**

६.१ सम्भव भएमा बार्षिक ४ पटक २/२ महिनाको फरकमा मानसिक स्वास्थ्य शिविर संचालन गरिने छ र फलोअप सेवा समेत प्रदान गरिने छ ।सिकिस्त विरामिहरुलाई प्रेषण गरिनेछ ।रोगिहरुको लाइन लिस्टिङ गरि प्रेषण गरिने छ। चिकित्सकको परामर्श अनुसार उपचार गरिनेछ।

६.२आम मानसिक स्वास्थ्य समस्या भएका रोगिहरु (जस्लाइ चिकित्सकीय स्वास्थ्य शिविर द्वारा उपचार र स्कृनिङ गरिने छ ) , चिकित्सक द्वारा निदान गरिएका सिकिस्त बिरामीहरु र सिकिस्त मानसिक रोगिहरु (जस्को उपचारमा सहगोग गर्ने अविभावक संगै जान सक्छ।)

**७ निःशुल्क मानसिक रोगीहरुको उपचार गर्ने प्रकृया**

७.१ लक्षित बर्गका व्याक्तिहरु मध्य सिकिस्त मानसिक रोगिले अनुसुचि १ बमोजिम निर्धारित ढाँचामा निवेदन दिनु पर्ने छ।

७.२ निबेदकले आफ्नो परिचय खुल्ने कागजात सहित निवेदन पेश गर्नु पर्ने छ।

७.३ मानसिक रोगि गरिब, बिपन्न ,बेवारिसे भएको भनि सम्बन्धित वडाकार्यालयको सिफारिस।

७.४ सेवाग्राहिले नेपालि नागरिकताको परिचय पत्र र वडा कार्यालयको सिफारिस सहित आवेदन पेश गर्नु पर्ने छ।

**८ बिबिधः**

८.१ आकस्मिक स्वास्थ्य सेवा बाट कसैलाई पनि बन्चित गरिने छैन। जुन कुरा नेपालको संबिधान २०७२ को धारा ३५ मा उल्लेख भएकोले यस कार्यबिधि अनुसार लक्षित बर्गका ब्याक्तिहरुको मानसिक रोगको निःशुल्क उपचार प्रदान गर्ने ब्यबस्था गरिएको छ।

८.२ समितिको बैठक तथा समिक्षा कार्यक्रम सम्पन्न भए उश्चात नियमित गरिने छ र आगामि दिनमा हुने कार्यक्रममा सुधार गरिने छ।

८.३ बिरामि र बिरामिको १ जना हेरालुलाई अस्पतालमा भर्ना भएको अवधिमा खाना खर्च (न्यूनतम रकम) र मानसिक अस्पतालबाट सहुलियत नपाइने तर चिकितसकले सिफारिस गरेका औषधी तथा निदानका लागि गरिएका प्रोसिउडरहरुको विल अनुसारको खर्च , अस्पताल जान आउन लाग्ने प्रभलित गाडि भाडा, तथा खाना खर्च भुक्तानी गरिने छ।

८.४ नियमित औषधी खान भनि चिकित्सकबाट सिफारिस भएका दिर्घ रोगिहरुलाई अत्याबश्यक स्वास्थ्य सेवा सम्झी फलोअप तथा नियमित रुपमा सम्भव भएसम्म निशुल्क रुपमा औषधी उपलब्ध गराउने।

८.५ यस कार्यबिधि कार्यन्वयनको क्रममा थप ब्यबस्था गर्न परेमा यस कार्यबिधि तथा प्रचलित कानुन संग नबाझिने गरि गाँपालिकाले आबश्यक निर्णय गर्न सक्नेछ।

८.६ यस कार्यबिधिमा उल्लेख नभएका कुराहरु बिद्यमान कानून बमोजिम हुने छ।

अनुसुची १

निवेदनको ढाँचा

मिति

श्रीमान् प्रमुख प्रशासकिय अधीकृत ज्यू।
गौमुखी गाउँपालिकाको कार्यालय प्यूठान।

**विषयः मानसिक रोग उपचार सम्बन्धमा**

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट आ व २०८०/०८१ मा मानसिक रोगको निशुल्क उपचार तथा सहायता गर्ने कार्यक्रम अनुसार उपचार रकम म/मेरो परिबारलाई **मानसिक रोगिहरुको उपचार कार्यबिधि २०८०** अनुसार कागजात पेश गरेकले उपलब्ध गराइ दिनु हुन अनुरोध गर्दछु।

तपशिल

| क्र स | बिरामिको नाम थर | ठेगाना | उमेर | लिङ्ग | विवरण | खर्च रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

निवेदकको नाम थरः
दस्तखतः
ठेगानाः
मोबाइल नः

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत